**आकाशवाणी समाचार- नेपाली**

मितिः ११ मार्च २०२५

समयः ०७.२५ - ०७ः ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

१. राष्ट्रपति द्रौपदी मुर्मुले विद्यार्थीहरूलाई रोजगारी खोज्नुको सट्टा रोजगारी दिने मानसिकता अप्नाउन आह्वान गर्नु भएको छ।

२. प्रधानमन्त्री नरेन्द्र मोदी आज बिहान मरिससको दुई दिने भ्रमणको क्रममा पोर्ट लुइस पुग्दै हुनुहुन्छ।

३. संसदले रेलवे संशोधन विधेयक 2024 र लदान विधेयक-2024 पारित गरेको छ।

४. सीरियामा अन्तरिम सरकारले अपदस्थ राष्ट्रपति बशर अल-असदका वफादार लडाकुहरू विरुद्धको सैन्य अभियान समाप्त गर्ने घोषणा गरेको छ।

५. महिला प्रीमियर लीग क्रिकेटमा मुम्बई इंडियंसले गुजरात जायंट्सलाई नौ रनले पराजित गरेको छ।

**राष्ट्रपति हरियाणा**

राष्ट्रपति द्रौपदी मुर्मुले विद्यार्थीहरूलाई रोजगारी खोज्नुको सट्टा रोजगारी दिने मानसिकता अपनाउन आह्वान गर्नुभएको छ। उहाँले समयको माग अनुसार शिक्षा प्रणालीमा उल्लेखनीय परिवर्तन ल्याउन राष्ट्रिय शिक्षा नीति 2020 लागू गरिएको बताउनु भएको छ । राष्ट्रपतिले हरियाणाको हिसार स्थित गुरु जम्भेश्वर विज्ञान तथा प्रौद्योगिकी विश्वविद्यालयको दीक्षान्त समारोहमा नयाँ शिक्षा नीतिले विद्यार्थीहरूमा मौलिक सोच र रचनात्मक क्षमता बढाउने र राम्रो रोजगारीका अवसरहरू प्रदान गर्ने विश्वास व्यक्त गर्नुभयो।

****** ० ******

**राष्ट्रपति-पञ्जाब यात्रा**

राष्ट्रपति द्रौपदी मुर्मु आज देखि पञ्जाब र केन्द्र शासित प्रदेश चण्डीगढ़को दुई दिनको भ्रणणमा रहनुहुनेछ। राष्ट्रपतिले बठिंडामा पञ्जाब केन्द्रीय विश्वविद्यालय र अखिल भारतीय आयुर्विज्ञान संस्थानको दुई दीक्षान्त समारोहमा सहभागिता जनाउनुहुनेछ ।यस कार्यक्रममा पञ्जाबका राज्यपाल गुलाब चन्द कटारिया लगायत अन्य गणमान्य व्यक्तिको पनि उपस्थिति रहनेछ। आयोजनका लागि कडा सुरक्षा प्रबन्ध गरिएको छ।

****** ० ******

**प्रधानमन्त्री-मरीशस यात्रा**

प्रधानमन्त्री नरेन्द्र मोदी आज बिहान मरिससको दुई दिने भ्रमणको क्रममा पोर्ट लुइस पुग्नुहुनेछ। विदेश प्रस्थान गर्न अघि आफ्नो वक्तव्यमा, प्रधानमन्त्रीले मरिसस एक नजिकको समुद्री छिमेकी, हिन्द महासागरमा एक प्रमुख साझेदार र अफ्रिकी महादेशको प्रवेशद्वार भएको बताउनु भयो। श्री मोदीले भन्नुभयो दुवै देश इतिहास, भूगोल र संस्कृतिसित जुड़ेका छन् । उहाँले भन्नुभयो लोकतन्त्रको मूल्यमा साझा विश्वास र विविधता दुई देशबीचको शक्ति हो। प्रधानमन्त्रीले मरिससका नेताहरूसित साझेदारी बढाउन र मानिसहरुको प्रगति र समृद्धिका साथै हिन्द महासागर क्षेत्रमा सुरक्षा र विकासका लागि स्थायी मित्रतालाई सुदृढ पार्ने अवसरहरूको अपेक्षा गरिएको बताउनुभयो। उहाँले विश्वास व्यक्त गर्दै भन्नुभयो यो भ्रमण विगत भ्रमणको आधारमा हुन गईरहेको छ र यसले भारत र मरीशस बीचको सम्बन्धमा एक नयाँ र उज्ज्वल अध्यायको थालिनी गर्नेछ। श्री मोदी आज सर शिवसागर रामगुलाम र सर अनिरुद्ध जगन्नाथलाई श्रद्धांजलि दिन सर शिवसागर रामगुलाम बोटनिकल गार्डन जानुहुनेछ। उहाँले यस परिसरमा एउटा विरुवा पनि रोप्नुहुनेछ । यसपछि प्रधानमन्त्रीले राष्ट्रपति धरम गोकुलसित भेटवार्ता गर्नुहुनेछ। श्री मोदीले आज साँझ एक सामुदायिक कार्यक्रममा भाग लिनुहुनेछ। यस अवसरमा मरिससमा बसोबास गर्ने भारतीय मूलका मानिसहरूको ठूलो संख्या उपस्थिति हुनेछ। पछि, श्री मोदीले आफ्ना मरिससका समकक्षी नवीन चन्द्र रामगुलामसित भेट गर्नुहुनेछ। प्रधानमन्त्री मोदी भोली मरिससको राष्ट्रिय दिवस समारोहमा

मुख्य अतिथिको रूपमा सहभागी हुनुहुनेछ। भारतीय नौसेनाको एक जहाजका साथै भारतीय रक्षा बलको एक दलले समारोहमा भाग लिनेछ ।यस भ्रमण अवधि समुद्री सुरक्षा, क्षमता निर्माण र व्यापारका क्षेत्रहरुमा कैयन समझौताहरुमा हस्ताक्षर हुने सम्भावना छ।

****** ० ******

**रेलवे संशोधन विधेयक**

संसदले रेलवे संशोधन विधेयक 2024 पारित गरेको छ। विधेयकलाई हिजो राज्यसभाले मंजुरी दिएको छ। लोकसभाले गत वर्ष मात्र यसलाई मंजुरी दिएको थियो। यो विधेयकले रेलवे अधिनियम, 1989 लाई संशोधन गर्ने लक्ष्य राखेको छ। रेलमन्त्री अश्विनी वैष्णवले भन्नुभयो, रेलवेले पूर्वाधारको आधुनिकीकरण, प्रविधि अपनाउने र सुरक्षा सुधारमा ध्यान केन्द्रित गर्दै निरन्तर सुधारहरू गरिरहेको छ। उहाँले भन्नुभयो विगत 11 वर्षमा 34 हजार नयाँ ट्रेनलिकहरु लगाउने कार्य भएको छ। श्री वैष्णवले भन्नुभयो यस अवधिमा 45 हजार किलोमिटर रेलवे लाइनहरूको विद्युतीकरण गरिएको छ।

**बाईट**

लोकसभाले लदान विधेयक-2024 पारित गरेको छ। यो विधेयक लदान जारी गर्न कानूनी ढांचा प्रदान गर्ने भारतीय लदान अधिनियम-1856 को स्थान लिनेछ।

****** ० ******

**लोकसभा-कर्मी**

सरकारले ई-श्रम पोर्टलमा ३० करोड ६८ लाखभन्दा बढी असंगठित कर्मीहरू दर्ता भएको बताएको छ। असंगठित कामदारहरूको व्यापक राष्ट्रिय डाटाबेस सिर्जना गर्न यो पोर्टल २०२१ मा सुरु गरिएको थियो। हिजो लोकसभामा एक प्रश्नको लिखित जवाफमा श्रम तथा रोजगार राज्यमन्त्री शोभा करंदलाजेले कुल दर्ता भएका कर्मीमध्ये ५३ प्रतिशतभन्दा बढी महिला रहेको बताउनु भयो। उहाँले हालसम्म विभिन्न केन्द्रीय मन्त्रालय र विभागका १३ वटा योजनाहरू ई-श्रम पोर्टलसँग एकीकृत भइसकेको बताउनु भयो। यसमा प्रधानमन्त्री-स्वानिधि, प्रधानमन्त्री सुरक्षा बीमा योजना, प्रधानमन्त्री जीवन ज्योति बीमा योजना, प्रधानमन्त्री आवास योजना-ग्रामीण र आयुष्मान भारत-प्रधानमन्त्री जन आरोग्य योजना समिल छ ।

****** ० ******

**उत्तर रेलवे विशेष रेलगाडी**

उत्तर रेलवेले, होलीमा यात्रीहरूको सुविधाका लागि 400 भन्दा बढी विशेष ट्रेनहरु चलाई रहेको छ । उत्तर रेलवेका मुख्य जनसम्पर्क अधिकारी हिमांशु शेखर उपाध्यायले हिज नयाँ दिल्लीमा भन्नुभयो, यात्रीहरूको सुविधाका लागि व्यापक प्रबन्ध गरिएको छ। उहाँले भन्नुभयो नयाँ दिल्ली, आनन्द विहार र हजरत निजामुद्दीन रेलवे स्टेशनमा यात्रीहरुका लागि सुरक्षा व्यवस्था, मिनी कन्ट्रोल रूम र प्रतीक्षा स्थल बनाईएको छ। श्री उपाध्यायले आवशयक परेमा थप विशेष ट्रेनहरु संञ्चालन गरिने जानकारी दिनुभयो ।श्री उपाध्यायले भन्नुभयो केवल वैध रेल टिकट भएका यात्रीहरुले प्लेटफर्ममा प्रवेश पाउनेछन्।

****** ० ******

**जयशंकर-आर्मेनिया**

विदेश मंत्री डॉ. एस. जयशंकरले भारत अनि आर्मेनिया बीचको सम्बन्ध धेरै पुरानो रहेको बताउनुभएको छ। हिज नयाँ दिल्लीमा आर्मेनियाका विदेश मंत्री अरारत मिर्जोयान सँग भएको एक बैठकमा डॉ. जयशंकरले दुवै देश बीच द्विपक्षीय व्यापार अनि रक्षा सहयोग बढेको बताउनु भएको छ। उहाँले इंटरनेशनल बिग कैट अलायंसमा शामिल भएकोमा खुशी व्यक्त गर्नुभयो ।विदेश मंत्रीले आर्मेनियाको पहिलो न्युज पेपर भारतमा प्रकासित भएको बताउनुभयो।

****** ० ******

**सीरिया सैन्य अभियान**

सीरियामा अन्तरिम सरकारले अपदस्थ राष्ट्रपति बशर अल-असदका वफादार लडाकुहरू विरुद्धको सैन्य अभियान समाप्त गर्ने घोषणा गरेको छ। डिसेम्बरमा 13 वर्षे गृहयुद्ध समाप्त भए यता सुरक्षा बल र विपक्षी लडाकुहरू बीचको यो सबैभन्दा भीषण लडाईं थियो।गत बिहीबार लताकिया शहर नजिकै बन्दुकधारीहरूले पुलिस गस्तीमा हमला गरेपछि सुरु भएको झडप सिरियाको तटीय क्षेत्रहरूसम्म फैलिएको छ यसमा एक सय भन्दा बढ़ी मानिसहरुको मृत्यु भएको छ। इस्लामवादी नेतृत्वको नयाँ सरकार देशमा पूर्ण नियन्त्रण स्थापित गर्ने र कुर्द र ड्रुज लगायत अल्पसंख्यक समूहहरूसित वार्ता गर्ने प्रयासमा लागी परेको छ।त्यहाँको रक्षा मन्त्रालयका

प्रवक्ताले सुरक्षा बलले असद समर्थकहरूलाई लक्षित गर्न जारी राख्ने चेतावनी दिएका छन। राष्ट्र संघ सुरक्षा परिषद्ले यस संकट बारे छलफल गर्न बैठक डाकेको थियो। विश्वका नेताहरूले पनि हिंसा समाप्त गर्न आह्वान गरेका छन्।

****** ० ******

**रूस-ब्रिटेन-राजनयिक**

रुसले हिज दुईजना ब्रिटिश कूटनीतिज्ञलाई जासुसीको आरोप लगाउँदै दुई साता भित्र देश छोड्न आदेश दिएको छ। रुसको संघीय सुरक्षा सेवाले कूटनीतिज्ञहरूलाई गलत व्यक्तिगत डेटा प्रदान गर्ने र राष्ट्रिय सुरक्षालाई खतरामा पार्ने गतिविधिहरूमा संलग्न भएको आरोप लगाएको छ तर उनीहरू विरुद्ध कुनै प्रमाण प्रदान गरेको छैन। यसै बीच, ब्रिटेनको विदेश मन्त्रालयले रूसको आरोपहरुलाई खारेज गर्दै यसलाई दुर्भावनापूर्ण र निराधार बताएको छ।

****** ० ******

**डब्ल्यूपीएल-क्रिकेट**

महिला प्रीमियर लीग क्रिकेटमा हिज राती मुम्बई इंडियंसले गुजरात जायंट्सलाई नौ रनले पराजित गरेको छ । मुम्बई इंडियंसले पहिला ब्याटिंग गर्दै 180 रनको लक्ष्य दिएको थियो, लक्ष्यको पीछा गर्दै गुजरात टीमले 170 रन मात्र बनाउन सक्यो । गुजरात जायंट्सकी भारती फुलमालीले 25 बलमा 61 रन बनाए। मुंबई इंडियंसको तर्फा बाट अमेलिया केरले तीन विकेट लिए।

यसभन्दा अघि ब्याटिंग गर्दै मुम्बई टीमले निर्धारित 20 ओवरमा 6 विकेट गुमाएर 179 रन बनाएको थियो। कप्तान हरमनप्रीत कौर ले 33 बलमा 54 रन बनाएकी थिइन् । उलाई प्लेयर ऑफ द मैच घोषित गरियो। उनि महिला प्रीमियर लीग क्रिकेटको इतिहासमा अहिले सम्म सर्वाधिक छ पल्ट प्लेयर ऑफ द मैच प्राप्त गर्ने खेलाडी बनेकी छिन्।

**विश्व पैरा ग्रां प्री**

विश्व पैरा-एथलेटिक्स ग्रां प्री प्रतियोगिता भोलि देखि नयाँ दिल्लीमा आरंभ हुनेछ अनि यस महिनाको 13 तारिख सम्म चल्नेछ। प्रतियोगितामा 20 देशका 280 भन्दा अधिक पैरा-एथलीटहरुले नयाँ दिल्लीको जवाहरलाल नेहरू स्टेडियमा 90 भन्दा अधिक स्पर्धाहरुमा भाग लिनेछन्।भारत 145 सदस्यीय दलका साथ प्रतियोगितामा सहभागी हुनेछ जसमा पैरालंपिक स्वर्ण पदक विजेता हाई जंप टी64 श्रेणीमा प्रवीण ,जेवलिन एफ41 श्रेणीमा नवदीप अनि क्लब थ्रो एफ51 श्रेणीमा धरमबीर शामिल छन्। प्रतियोगितामा डबल पैरालंपिक चैंपियन सुमित अंतिल अनि डबल पैरालंपिक पदक विजेता योगेश कथुनियाले भाग लिएका छैनन्। सऊदी अरब, जर्मनी, कजाकिस्तान, ऑस्ट्रेलिया, ब्राजील, नेपाल, श्रीलंका अनि जापानका एथलीटहरुले प्रतियोगितामा प्रतिस्पर्धा गर्नेछन्। भारतमा पैरा-खेलहरुका लागी यो महत्वपूर्ण आयोजन हो।

****** ० ******

**ग्रिनल्याण्ड चुनाव**

डेनमार्कको अधीनमा रहेको स्वायत्त क्षेत्र ग्रिनल्याण्डमा भोलि निर्णायक चुनाव हुन गईरहेको छ, यस चुनावले त्यहाँको भविष्यको निर्णय गर्नेछ। ग्रिनल्याण्ड आर्कटिक र अटलांटिक महासागर बीच क्यानाडा आर्कटिक द्वीपसमूहको पूर्वमा स्थित छ। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको पछिल्लो खरिद प्रस्तावको घोषणा गरे बापत ग्रीनल्याण्डका बासिन्दाहरू संयुक्त राज्य अमेरिकामा सामेल हुन चाहँदैनन् भन्ने कुराको सर्वेक्षण द्वारा पत्तो लाग्दछ।

****** ० ******